## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी महिला कल्याण समाजको सहायतार्थ राष्ट्रिय सभा गृहमा मिति २०५०।६।६ गते प्रदर्शन गरिने नेपाली कथानक भिडियो चलचित्र "धराप" को एक शो प्रदर्शनमा लाग्ने मनोरञ्जनकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी एड्स विरूद्ध युवा संघ नेपालको सहायतार्थ राष्ट्रिय सभा गृहमा मिति २०५०।६।२३ गते प्रदर्शन गरिने नेपाली कथानक चलचित्र "तपस्या" को एक शो प्रदर्शनमा लाग्ने मनोरञ्जन कर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ३

बिक्रीकर ऐन, २०२३ को दफा ८ क. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका १४ वस्तुहरू बिक्रेतामा दर्ता नभएकोले खरिद वा पैठारी गरेमा देहायबमोजिम मूल्य कायम गरी बिक्रीकर असूल उपर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| आन्तरिक उत्पादनतर्फ | पैठारीतर्फ |
|---|---|
| दर्ता नभएका बिक्रेतालाई बिक्री गरेकोमा आन्तरिक उत्पादनतर्फ पहिलो तहको बिक्रीकर लागि सकेको मूल्यमा लागेको बिक्रीकर कटाइ त्यसमा थप गरी मूल्य कायम गर्ने प्रतिशत, | बिक्रेतामा दर्ता नभएका पैठारीकर्ताले मालवस्तु पैठारी गरी ल्याएमा, भंसार कार्यालयबाट बिक्रीकर प्रयोजनको निमित्त कायम भएको मालको मूल्यमा थप गरी मूल्य कायम गर्ने प्रतिशत, |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300

| सि.नं. | वस्तु | | |
|---|---|---|---|
| १. | बिस्कुट | २० प्रतिशत | ३० प्रतिशत |
| २. | वनस्पति तेल र घ्यू | १० " | १५ " |
| ३. | चाउचाउ | २० " | ३० " |
| ४. | साबुन र डिटर जेण्ट | १५ " | २५ " |
| ५. | फलामको छड र डण्डी, | १० " | १५ " |
| ६. | कोरूगेटेड, प्लेन तथा जि.आइ. सिट्स, | १० " | १५ " |
| ७. | कृत्रिम उनी धागो | १० " | १५ " |
| ८. | रंगरोगन | १० " | १५ " |
| ९. | सिमेण्ट | १५ " | २५ " |
| १०. | उनी धागो | १० " | १५ " |
| ११. | हल्का पेय पदार्थ | २० " | ३० " |
| १२. | उच्च कोटी मदिरा | ३० " | ४५ " |
| १३. | बियर | ३० " | ४५ " |
| १४. | चुरोट | २० " | ३० " |

आज्ञाले
हस्तराज भारती
उपसचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

309